**प्रेस विज्ञप्ति** **जुलाई २०२५**

**अन्तर्राष्ट्रिय औषधिको तर्कसंगत प्रयोग दिवस: स्थानीय कार्यहरूले पार्दछ विश्वव्यापी प्रभाव**
**जुलाई ७–८, २०२५**
औषधिको प्रयोगमा सुधार ल्याउने अन्तर्राष्ट्रिय समाज (International Society to Improve the Use of Medicines) ले [तपाईंको स्थानीय संस्थाको नाम राख्नुहोस्] सँग सहकार्यमा आउँदो जुलाई ७ र ८ मा पहिलो **अन्तर्राष्ट्रिय औषधिको तर्कसंगत प्रयोग दिवस** मनाउने घोषणा गरेको छ।
यो एक विश्वव्यापी पहल हो जसले औषधिको तर्कसंगत प्रयोगलाई प्रवर्द्धन गर्ने र यसबारे चेतना फैलाउने काम गर्छ। यसको मूल सन्देश हो—**स्थानीय कार्यले विश्वमा प्रभाव पार्दछ।**

**औषधिको तर्कसंगत प्रयोग भन्नाले के जनाउँछ?**
विश्व स्वास्थ्य संगठनका अनुसार, औषधिको तर्कसंगत प्रयोग भन्नाले बिरामीहरूले आफूलाई आवश्यक क्लिनिकल अवस्थाअनुसार उपयुक्त औषधि, व्यक्तिगत आवश्यकता अनुसारको मात्रा र पर्याप्त समयसम्म प्रयोग गर्न पाउनु, साथै आफैं र समुदायको लागि न्यूनतम खर्चमा औषधि उपलब्ध हुनु हो।

**यसको महत्त्व किन छ?**
औषधिको तर्कसंगत प्रयोग विश्वव्यापी ठूलो समस्या हो। अनुमानअनुसार, आधाभन्दा बढी औषधिहरू गलत रूपमा लेखिन्छन्, वितरण वा बिक्री गरिन्छन्, र आधा भन्दा बढी बिरामीले ती औषधिहरू सहि तरिकाले सेवन गर्दैनन्।
औषधिको अत्यधिक, न्यून वा गलत प्रयोगले सीमित स्रोतहरूको अपव्यय र जनस्वास्थ्यमा गम्भीर असर पुर्‍याउँछ।

**केही उदाहरणहरू:**

- एकै बिरामीलाई धेरै औषधि लेख्दा नकारात्मक असरहरू देखिन सक्छ;
- एन्टिबायोटिकहरूको गलत प्रयोगले एन्टिमाइक्रोबियल प्रतिरोध (AMR) निम्त्याउँछ;
- जहाँ मुखबाट सेवन गर्न मिल्ने औषधि पर्याप्त हुने अवस्था भए पनि सुईको अति प्रयोग हुनु;
- चिकित्सकहरूले प्रमाण-आधारित चिकित्सकीय निर्देशिकाअनुसार औषधि नलेख्नु;
- आफैंले आफूखुसी प्रेस्क्रिप्सन औषधि सेवन गर्नु;
- औषधिको मात्रा र समय तालिकाको पालना नगर्नु।

**कसले भाग लिन सक्छ?**
हामी सबैले औषधिको तर्कसंगत प्रयोगमा जिम्मेवारी लिनुपर्छ।
• बिरामीहरूले आफुले सेवन गर्ने औषधिको जानकारी लिनु र स्वास्थ्यकर्मीहरूसँग छलफल गर्नु पर्छ।
• स्वास्थ्यकर्मीहरूले बिरामीको प्रश्नको जवाफ दिन तयार हुनुका साथै नवीनतम उपचार मापदण्डको जानकारी राख्नु पर्छ।
• सरकार तथा स्वास्थ्य प्रणालीहरूले औषधिको तर्कसंगत प्रयोगसम्बन्धी कार्यक्रमहरूमा लगानी गर्नुपर्छ किनभने यस्ता कार्यक्रमले खर्च घटाउने र बिरामीलाई हानि पुग्नबाट जोगाउने प्रमाण छन्।

**के हुनेवाला छ?**
जुलाई ७–८, २०२५ मा, [तपाईंको संस्था वा देशको नाम] ले निम्न गतिविधिहरू आयोजना गर्दैछ: [यहाँ

कार्यक्रमहरूको सूची राख्नुहोस्]
थप जानकारीका लागि सम्पर्क व्यक्ति: [तपाईंको स्थानीय सम्पर्क व्यक्ति र विवरण]

**समाप्त।**